(क) आत्मनिर्भरता हासिल गर्न सचेष्ट हुने ।

(ख) दूर सञ्चार सेवाको स्तर बढाउन संस्थानको कार्य सञ्चालनमा सुधार ल्याउने ।

(ग) संस्थानको व्यावसायिक कार्यक्रमको प्रवर्द्धन गर्ने ।

(घ) श्री ५ को सरकारबाट प्राप्त निर्देशनको अधीनमा रही संस्थानको नीति निर्धारण गर्ने र त्यसको कार्यान्वयनका लागि आवश्यक कदम उठाउने ।

(ङ) नेपाल अधिराज्यको विभिन्न ठाउँको बीच सम्पर्क कायम गर्नको लागि आवश्यक दूर सञ्चार माध्यमको सिर्जना गर्ने ।

(च) अन्य मुलुकसित आवश्यक दूर सञ्चार सम्पर्क स्थापना गर्न प्रयत्न गर्ने ।

५. सम्पत्तिको हस्तान्तरण:– नेपाल दूर सञ्चार समिति र सो अन्तर्गतका कार्यालयहरूमा रहेका सबै चल तथा अचल सम्पत्ति संस्थानलाई हस्तान्तरण गरिएको छ ।

६. नेपाल दूर सञ्चार समितिसंग भएको ठेक्कापट्टा आदि संस्थानसंग भएको मानिने:– नेपाल दूर सञ्चार समितिसंग भए गरेको सबै ठेक्कापट्टा सम्झौता लेनदेन कारोबार संस्थानसंग भए गरेको मानिनेछ ।

आज्ञाले–

तीर्थराज तुलाधर

श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## संचार मन्त्रालयको

## सूचना

विकास समिति ऐन, २०१३ को दफा ८ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड १९ मिति २०२६।७।१ अतिरिक्ताङ्क ३० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेश खारेज गरेको छ ।

आज्ञाले–

तीर्थराज तुलाधर

श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।